# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, पुष १८ गते, २०८१ साल (अतिरिक्ताङ्क ४०


## भाग २

### प्रदेश सरकार

### कोशी प्रदेश

### विराटनगर, नेपाल

## स्वास्थ्य मन्त्रालयको सूचना

## विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यविधि, २०८१

कोशी प्रदेशका नागरिकलाई गुणस्तरीय र विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न विशेषज्ञ चिकित्सकलाई  मन्त्रालय अन्तर्गतका सरकारी अस्पतालमा काम गर्नको लागि प्रोत्साहित गर्न, खटाइएको अस्पतालको सेवामा स्थायित्व कायम

राख्न र स्वास्थ्य सेवा प्रवाहमा थप जिम्मेवार बनाउन विशेषज्ञ चिकित्सकलाई प्रोत्साहन गर्न वाञ्छनीय भएकाले,

कोशी प्रदेश, विनियोजन ऐन, २०८१ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"ऐन"** भन्नाले कोशी प्रदेश, जनस्वास्थ्य ऐन, २०७७ सम्झनु पर्छ ।

(ख) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(ग) **"प्रदेश सरकार"** भन्नाले प्रदेश सरकार (मन्त्रिपरिषद्) सम्झनु पर्छ ।

(घ) **"प्रोत्साहन"** भन्नाले अस्पतालमा कार्यरत चिकित्सकलाई प्रोत्साहन गर्न प्रदान गरिने तलब बाहेकको अतिरिक्त सुविधा सम्झनु पर्छ।

(ङ) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेशको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(च) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको स्वास्थ्य निर्देशनालय सम्झनु पर्छ ।

(छ) **"विद्युतीय हाजिरी"** भन्नाले सूचना प्रविधि विभागद्वारा लागु गरिएको केन्द्रीकृत ई-हाजिरी सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ज) **“विशेषज्ञ चिकित्सक”** भन्नाले चिकित्सा शास्त्र बिषयमा स्नातकोत्तर वा सो सरह वा सोभन्दा माथिको उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा विशेषज्ञ चिकित्सकको रूपमा दर्ता भई प्रदेश मातहतका अस्पतालहरूमा स्वीकृत दरबन्दीभित्र स्थायी पदमा कार्यरत, छात्रावृत्ति करार वा मन्त्रालय वा व्यवस्थापन समितिबाट करार सेवामा लिइएका चिकित्सक सम्झनु पर्छ।

(झ) **"व्यवस्थापन समिति"** भन्नाले ऐनको दफा ३१ वमोजिम गठित अस्पताल व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ञ) **"सरकारी अस्पताल"** भन्नाले ऐनको दफा २ को खण्ड (झ) वमोजिमको अस्पताल सम्झनु पर्छ र सो शब्दले मन्त्रालयबाट अस्थायी संरचनाका रुपमा स्वीकृत अस्पताल समेत जनाउँछ ।

## परिच्छेद-२

## विशेषज्ञ चिकित्सक प्रोत्साहन सुविधा

३. **कार्यक्रम लागू हुने निकायः** विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम कोशी प्रदेश अन्तर्गतका सरकारी अस्पतालहरुमा लागू हुनेछ।

४. **प्रोत्साहन सुविधा प्रदान गर्नेः** (१) यस कार्यविधिको दफा ३ बमोजिम विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम लागू भएका सरकारी अस्पतालहरुमा कार्यरत विशेषज्ञ चिकित्सकलाई प्रोत्साहन सुविधा प्रदान गरिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(२) प्रोत्साहन सुविधा उपलब्ध गराउने प्रयोजनका लागि जिल्लाहरुको देहाय बमोजिम वर्गीकरण गरिएको छः-

(क) "क" वर्गका जिल्लाः- सोलुखुम्बु, ताप्लेजुङ्ग।

(ख) "ख" वर्गका जिल्लाः- पाँचथर, भोजपुर, तेह्रथुम, संखुवासभा, ओखलढुङ्गा, खोटाङ्ग।

(ग) "ग" वर्गका जिल्लाः- धनकुटा, उदयपुर र इलाम

(घ) "घ" बर्गका जिल्लाः- झापा, मोरङ्ग, सुनसरी

(३) उपदफा (२) बमोजिम प्रदान गरिने प्रोत्साहन सुविधा अनुसूची १ बमोजिम हुनेछ|

(४) प्रदेश सरकारबाट नयाँ संगठन संरचना स्वीकृत नहुँदासम्म भौगोलिक विकटता भएका एवं दुर्गम जिल्लाका अस्पताल र विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालका हकमा देहायबमोजिमका विशेषज्ञलाई यस कार्यविधि बमोजिम स्वीकृत दरबन्दी सरह प्रोत्साहन भत्ता प्रदान गर्नु पर्नेछ।

| सि.नं | अस्पतालको नाम | विशेषज्ञता |
|---|---|---|
| १. | जिल्ला अस्पताल ताप्लेजुङ्ग, धनकुटा, तेह्रथुम, ओखलढुङ्गा, सोलुखुम्वु, खोटाङ्ग, भोजपुर | • एम.डी.जी.पी -१ जना<br>• पेडियाट्रिक्स -१ जना<br>• जनरल मेडिसिन -१जना<br>• अब्स्ट्रेटिक्स तथा गाइनेकोलोजी -१जना |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| २. | जिल्ला अस्पताल पाँचथर, कटारी अस्पातल | सि.नं १ मा उल्लेखित ४ जना बाहेक थप<br>• जनरल सर्जरी -१ जना<br>• एनेस्थेसीयोलोजी -१ जना |
| ३. | मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर | सि.नं १ मा उल्लेखित ४ जना बाहेक थप<br>• अर्थोपेडिक सर्जरी -१ जना<br>• रेडियोलोजी -१ जना<br>• एनेस्थेसीयोलोजी -१ जना<br>• जनरल सर्जरी -१ जना |

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए पनि प्रदेश मातहतका बाँकी अस्पतालहरुको हकमा हालको स्वीकृत दरबन्दी संरचना लागू हुनेछ र अस्थायी संरचनाको हकमा प्रदेश सरकारले स्वीकृत गरेको अस्थायी दरबन्दी संरचनालाई आधार मानी सो संरचनामा कार्यरत विशेषज्ञ चिकित्सकलाई प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्नेछ।

(६) अस्पतालको मे.सु. पदमा कार्यरत चिकित्सकले विशेषज्ञ चिकित्सकको रुपमा दर्ता भइ सेवा प्रदान गरिरहेको भएमा यस कार्यविधि वमोजिम प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिनेछ।

५. <u>प्रोत्साहन सुविधा भुक्तानीका आधार तथा प्रक्रियाः</u> (१) दफा ४ बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउँदा देहायका आधारमा अनुसूची १ बमोजिम प्रोत्साहन सुविधा उपलब्ध गराउनु पर्नेछः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) विशेषज्ञ चिकित्सकले प्रत्येक दिन बिहान ९ बजेभित्र वार्ड तथा इमर्जेन्सीमा राउण्ड लिने क्लिनिकल अडिट (केस अनुसन्धान र व्यवस्थापन) गर्ने क्रियाकलापहरु सञ्चालन गरिसक्नु पर्नेछ।

(ख) कम्तीमा पन्ध्र दिनमा एक पटक हुनेगरी हरेक महिनामा २ पटक र आवश्यकता अनुसार थप हुने गरी चिकित्सकहरूले मोर्विडिटि वा मोर्टालिटिको समिक्षा गरी अभिलेख राखु पर्नेछ।

(ग) अंग्रेजी ठूलो अक्षरमा प्रष्ट हुने गरी बिरामीको लागि प्रेसक्रिप्सन लेखिसके पश्चात चिकित्सकले आफ्नो नाम र काउन्सिल नं. स्पष्ट खुल्ने छापको अनिवार्य प्रयोग गर्नु पर्नेछ।

(घ) प्रतिदिन बिहानको ९-१२ बजे र दिउँसोको १-४ बजेसम्म गरी कम्तिमा २ सिफ्ट टोकन सिस्टम अनिवार्य गरी बहिरङ्ग सेवा सञ्चालन गर्नु पर्नेछ।

(ङ) महिनाको छब्बीस कार्यदिन प्रमाणित विद्युतीय हाजिरी सहितको रुजु हाजिर भई कामकाज गरेको अभिलेख हुनु पर्नेछ।

(च) विशेषज्ञ चिकित्सकले अस्पतालमा नियमित रूपमा कार्यालय समयमा पूरा कामकाज गरेको जनाउने विद्युतीय हाजिरी र प्रदान गरेको सेवा अनुसूची २ बमोजिमको प्रतिवेदन फारम अस्पताल प्रमुखले प्रमाणित गर्नु पर्नेछ।

(छ) प्रमाणित गरेको अनुसूची २ बमोजिमको चिकित्सक प्रोत्साहन सुविधा प्रतिवेदन फाराम र खण्ड (च) बमोजिमको प्रमाणित हाजिरी प्रतिवेदन राखी अस्पतालको आर्थिक प्रशासन/लेखा शाखाले प्रोत्साहन सुविधा उपलब्ध गराउनु पर्नेछ।

(ज) छब्बीस कार्यदिन भन्दा कम कार्यदिन रुजु हाजिर भई कामकाज गरेकोमा प्रतिदिन तीन दशमलब पाँच प्रतिशतका दरले कट्टा गरेर बाँकी रकम उपलब्ध गराउनु पर्नेछ।

(झ) अनुसुची १ बमोजिम न्यूनतम सेवा मापदण्ड मूल्याङ्कन गर्दा हाल अस्पतालको स्तरोन्नति भए तापनि नयाँ दरबन्दी संरचना स्वीकृत नभएको अवस्थामा साविककै अस्पतालको स्तरमा राखेर मुल्याङ्कन गर्नु पर्नेछ।

(ञ) सम्बन्धित काउन्सिलमा विशेषज्ञ चिकित्सकका रुपमा दर्ता भई हाल आठौं तहको स्थायी पदमा कार्यरत चिकित्सकलाई समेत यस कार्यविधि वमोजिम स्वीकृत दरवन्दीभित्रको विशेषज्ञ चिकित्सक पदको पदपूर्ति नहुँदासम्म विशेषज्ञको रुपमा गणना गरी अस्पतालले प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ।

(ट) कुनै अस्पतालमा एकै विशेषज्ञता भएका एकभन्दा बढी चिकित्सकहरु खटिई आएमा प्रोत्साहन भत्ता

उपलब्ध गराउने प्रयोजनका लागि प्राथमिकताक्रम तपशिल वमोजिम हुनेछ।

१) स्थायी चिकित्सक,

२) मन्त्रालयबाट करार गरी दरबन्दी पदपुर्ति भएको

३) छात्रवृति करारमा खटिएर पहिले हाजिर गरेको,

४) आठौं तहमा स्थायी नियुक्ति लिई विशेषज्ञका रुपमा दर्ता भएको,

५) अस्पताल व्यवस्थापन समितिबाट करार ।

(२) दफा ४ बमोजिमको प्रोत्साहन सुविधा आर्थिक वर्ष २०८१/८२ श्रावण महिनादेखि लागु हुने गरी भुक्तानी गराउनुपर्नेछ।

६. <u>भुक्तानी गर्न नहुने अवस्था</u> (१) विशेषज्ञ चिकित्सकलाई यस कार्यविधि बमोजिम प्रोत्साहन सुविधा भुक्तानी गर्दा हाल खाइपाइ आइरहेको भत्ता वा अस्पतालमा व्यवस्थापन समिति वा अन्य कुनै निकाय मार्फत समान प्रकृतिको सुविधासँग दोहोरो पर्ने गरी भुक्तानी गर्न पाइनेछैन।

(२) पन्ध्र कार्यदिन भन्दा कम कार्यदिनको रुजु हाजिर भई कामकाज गरेका वा विद्युतिय हाजिरी प्रमाणित नभएका चिकित्सकलाई यस कार्यविधि बमोजिम प्रोत्साहन सुविधा उपलब्ध गराउन पाइने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## परिच्छेद-३

## अभिलेख व्यवस्थापन सम्बन्धी व्यवस्था

७. **अभिलेख व्यवस्थापनः** (१) विशेषज्ञ चिकित्सकले सेवाग्राहीलाई उपलब्ध गराएको सेवा सम्बन्धी संख्या, विवरण र अन्य अभिलेख चुस्त दुरुस्त देखिने गरी राख्नु पर्नेछ ।

(२) कार्यालय प्रमुखले विशेषज्ञ चिकित्सकको कामको अभिलेख राख्न डिउटी रोस्टर तयार गरी लागू गर्नु पर्नेछ।

(३) दफा ३ बमोजिम कार्यक्रम लागू भएका अस्पतालका प्रमुखले साप्ताहिक चक्रिय प्रणालीका आधारमा विशेषज्ञ चिकित्सकको डिउटि रोस्टर तयार गरी कार्यान्वयन भएको सुनिश्चित गर्नु पर्नेछ।

८. **कार्यविधि विपरित काम गरेमा हुने कारवाहीः** (१) कुनै विशेषज्ञ चिकित्सकले झुट्टा वा नक्कली विवरण पेश गरी वा झुट्टा विवरण प्रमाणित गरी प्रोत्साहन सुविधा लिएको पाइएमा सम्बन्धित विशेषज्ञ चिकित्सकबाट सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ। यसरी झुट्टा वा नक्कली विवरण पेश गर्ने वा प्रमाणित गर्ने अस्पताल प्रमुखलाई मन्त्रालयले आवश्यक प्रमाण सहित प्रचलित कानून बमोजिम कारबाहीका लागि सम्बन्धित काउन्सिल वा निकायमा सिफारिस गरी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कारवाही गर्नुअघि सफाईको मौका प्रदान गरिनेछ। सफाई पेश गर्न बढीमा १५ दिनको समयावधि उपलब्ध गराउनु पर्नेछ।

९. **अनुगमन तथा निरीक्षणः** यस कार्यविधि बमोजिम तोकिएको काम भए नभएको सम्बन्धमा मन्त्रालय तथा स्वास्थ्य निर्देशनालयले अनुगमन गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

१०.<u>बाधा अड्काउ फुकाउः</u> यस कार्यविधिसँग सम्बन्धित विषयमा बाधा अड्काउ परेमा कार्यविधिमा प्रतिकुल नहुने गरी मन्त्रालयले निर्णय गर्न सक्नेछ ।

११.<u>खारेजी वा संशोधनः</u> प्रदेश सरकारले यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन वा खारेजी गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची १

(दफा ४ को उपदफा(३) र दफा ५ को उपदफा(१) संग सम्बन्धित)

## विशेषज्ञ चिकित्सक प्रोत्साहन सुबिधाको दर

| क्र.स. | जिल्लाको वर्गीकरण | न्यूनतम सेवा मापदण्ड अङ्क (बाह्य मुल्यांकनबाट प्राप्त) | प्रोत्साहन भत्ताको दर |
|---|---|---|---|
| १ | "क" वर्ग (सोलुखुम्बु,ताप्लेजुङ) | ८५ प्रतिशत वा सो भन्दा माथि | आधारभूत तलबमानको ३०० प्रतिशत सम्म |
| | | ७० देखि ८४ प्रतिशत | आधारभूत तलबमानको २२५ प्रतिशत सम्म |
| | | ५० देखि ६९ प्रतिशत | आधारभूत तलबमानको १५० प्रतिशत सम्म |
| २ | "ख" वर्ग (संखुवासभा, ओखालढुंगा, खोटांग, तेह्रथुम, भोजपुर र पाँचथर) | ८५ प्रतिशत वा सो भन्दा माथि | आधारभूत तलबमानको २०० प्रतिशत सम्म |
| | | ७० देखि ८४ प्रतिशत | आधारभूत तलबमानको १५० प्रतिशत सम्म |
| | | ५० देखि ६९ प्रतिशत | आधारभूत तलबमानको १०० प्रतिशत सम्म |
| ३ | "ग" वर्ग (धनकुटा,उदयपुर र ईलाम) | ८५ प्रतिशत वा सो भन्दा माथि | आधारभूत तलबमानको १०० प्रतिशत सम्म |
| | | ७० देखि ८४ प्रतिशत | आधारभूत तलबमानको ७५ प्रतिशत सम्म |
| | | ५० देखि ६९ प्रतिशत | आधारभूत तलबमानको ५० प्रतिशत सम्म |
| ४ | घ वर्ग (झापा, मोरंग र सुनसरी) | ८५ प्रतिशत वा सो भन्दा माथि | आधारभूत तलबमानको ५० प्रतिशत सम्म |
| | | ७० देखि ८४ प्रतिशत | आधारभूत तलबमानको ३५ प्रतिशत सम्म |
| | | ५० देखि ६९ प्रतिशत | आधारभूत तलबमानको २५ प्रतिशत सम्म |

अनुसूची २

(दफा ५ को खण्ड (च) र (छ) सँग सम्बन्धित)

प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

............. अस्पताल,..........

<u>चिकित्सक प्रोत्साहन सुविधा प्रतिवेदन फाराम</u>

चिकित्सकको नामः पदः तहः

विशेषज्ञताः

स्थायी/करार/अस्थायी

| क.सं. | रोगको निदान (Diagnosi) | उपचार (Procedure) | बिरामीको Outcome | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | भर्ना | रेफर | डिस्चार्ज | अन्य | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्ने

हस्ताक्षरः

नामथरः

पदः

तहः

कार्यालयको छाप

प्रमाणित गर्ने

हस्ताक्षरः

नामथरः

पदः अस्पताल प्रमुख

तहः

स्वीकृत मितिः- २०८१/०९/१८

प्रकाशन मितिः- २०८१/०९/२२

आज्ञाले,

डा.राधिका थपलिया

प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- moial.koshi.gov.np

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश